# मेरिल्याण्डले सुरु गऱ्यो विज्ञान संकाय

## व्यवस्थापनजस्तै अब्बल बनाउने कलेजको लक्ष्य

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ५ साउन*



विराटनगरस्थित मेरिल्याण्ड कलेजले कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुलाई स्वागत गर्दै भव्य अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

कलेजले सोमबार आयोजना गरेको कार्यक्रमबाट व्यवस्थापन र विज्ञान संकायमा नयाँ भर्ना भएका विद्यार्थीहरुलाई औपचारिक स्वागत गरेको हो।

यस वर्ष कक्षा ११ मा व्यवस्थापन संकायमा ६६३ जना र विज्ञान संकायमा २०३ जना विद्यार्थीहरुले मेरिल्याण्ड रोजेका छन्। व्यवस्थापन संकायमा देशभरका अग्रणी शिक्षालयमध्ये एकका रूपमा परिचित मेरिल्याण्ड कलेजले यसै शैक्षिक सत्रदेखि आधुनिक प्रयोगशालासहित विज्ञान संकायको पठनपाठन सुरु गरेको छ।

कार्यक्रममा बोल्दै कलेजका प्रिन्सिपल लक्ष्मण ढकालले मेरिल्याण्ड कलेजले शिक्षामा गुणस्तरलाई प्रमुख प्राथमिकतामा राख्दै देशभरबाट अब्बल विद्यार्थीहरुलाई आकर्षित गर्न सफल भएको बताए। 'शिक्षा मार्फत विद्यार्थीको सम्भावना उजागर गर्न हामी सधैं प्रतिबद्ध छौं,' उनले भने, 'यस वर्षदेखि विज्ञान संकाय पनि सुरु गरेका छौं, जसलाई व्यवस्थापन जस्तै अब्बल बनाउने हाम्रो लक्ष्य छ।'

उनले एसईई परीक्षामा ४ जीपीए ल्याउने चार जना विद्यार्थीले मेरिल्याण्ड रोज्नु गर्वको विषय भएको बताए। तीमध्ये दुई जना व्यवस्थापन र दुई जना विज्ञान संकायमा भर्ना भएका छन्। 'हामीले ४ जीपीए ल्याउने विद्यार्थीसहित प्रवेश परीक्षामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरुलाई कलेजको तर्फबाट सम्मानित गरेका छौं,' ढकालले जानकारी दिए।

कार्यक्रमका प्रमुख अतिथि केएमसी कलेज बागबजार काठमाण्डौंका प्रिन्सिपल डा. नगेन्द्र अर्यालले मेरिल्याण्डले व्यवस्थापन शिक्षामा पुऱ्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै विज्ञान संकायको सुरुवातले कलेजको शैक्षिक दायरा अझ विस्तार हुने विश्वास व्यक्त गरे। 'मेरिल्याण्डले अब विज्ञानमा पनि उत्कर्ष हासिल गर्ने अपेक्षा छ,' उनले भने, 'नयाँ भर्ना भएका विद्यार्थीहरुलाई म सफलताको शुभकामना दिन्छु।'

कार्यक्रममा मेरिल्याण्ड कलेजका संचालक पिके झाले स्वागत मन्तव्य राख्दै विद्यार्थीहरुको भविष्य निर्माणमा कलेजको भूमिकालाई अझ प्रभावकारी बनाइने प्रतिवद्धता जनाए। अर्का निर्देशक डा. मनोज गुप्ताले कलेजको पूर्वाधार, शैक्षिक रणनीति, सहकार्य कार्यक्रम लगायतका विषयमा विस्तृत जानकारी दिए।

कलेजले सूचना प्रविधि (आईटी) क्षेत्रमा अध्ययनरत विद्यार्थीहरुलाई अन्तर्राष्ट्रिय स्तरको तालिम दिन आइबीएम कम्पनीसँग सहकार्य समेत सुरु गरेको छ। कलेजको तर्फबाट प्रिन्सिपल ढकाल र आइबीएमको तर्फबाट डाइरेक्टर कृष्ण पाण्डेले सहमतिमा हस्ताक्षर गरेका हुन्।

कलेजका अध्यक्ष गुणराज ढुंगेलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको सञ्चालन निर्देशक भेषराज पोखरेलले गरेका थिए। कार्यक्रममा विद्यार्थीहरुले आकर्षक सांस्कृतिक प्रस्तुति राखी उपस्थित अभिभावक, अतिथि र सहपाठीहरुलाई मनोरञ्जन दिलाएका थिए।

मेरिल्याण्ड कलेजले हरेक वर्षको जस्तै यस वर्ष पनि उत्कृष्ट नतिजा ल्याउने विश्वास गर्दै गुणस्तरीय शिक्षाका साथ नयाँ अध्यायको सुरुवात गरेको कलेजका अध्यक्ष ढुंगेलले बताए।

# कोशीबाट ३६ हजार किलो गाँजा बरामद

विराटनगर, ५ साउन (हाम्रोमत)- कोशी प्रदेशमा प्रहरीले गएको एक वर्षको अवधिमा २६ हजार किलोग्रामभन्दा बढी गाँजा बरामद गरेको छ।

गाँजाको उत्पादन, भण्डारण, बिक्री तथा ओसारपसार गैरकानुनी भएपनि कोशी प्रदेशमा भने गाँजाको कारोबार निरन्तर बढ्दै गइरहेको देखिएको छ।

प्रहरीले आर्थिक वर्ष २०८१-०८२ मा २६ हजार ७ सय ५० किलोग्राम ५ सय ३८.९७ ग्राम गाँजा बरामद गरेको छ। प्रदेश प्रहरी कार्यालय विराटनगरका सूचना अधिकारी डीएसपी ध्रुवकुमार श्रेष्ठका अनुसार एक वर्षको अवधिमा गाँजाको ओसारपसार एवं कारोबारमा संलग्न २३५ जना पुरुष र २६ जना महिला पक्राउ परेका छन्।

पक्राउ परेकाविरुद्ध लागुऔषध ऐनअन्तर्गतको मुद्दा चलाउने गरिएको छ। यो अबधिमा गाँजाको ओसारपसारमा प्रयोग गरिएका ४५ वटा चारपांग्रे र ३२ वटा दुईपांग्रे सवारीसाधनसमेत प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रदेशमा सबैभन्दा धेरै गाँजा सुनसरीबाट बरामद भएको प्रहरीको तथ्यांक छ। सुनसरीबाट १२ हजार ३७५ किलो ९२९ ग्राम, मोरङबाट ६ हजार ६५० किलो ४ सय ग्राम, धनकुटाबाट ४ हजार १९४ किलो, झापाबाट १ हजार ६५१ किलो २८२ ग्राम र उदयपुरबाट १ हजार ८१० किलो ४८४ ग्राम गाँजा बरामद भएको छ। यस्तै, इलामबाट ८१६ ग्राम, भोजपुरबाट १६ किलो ४४ ग्राम, संखुवासभाबाट ३ किलो १ सय ग्राम, खोटाङबाट १ किलो ९४२ ग्राम र तेह्रथुमबाट २४० ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

आर्थिक वर्ष २०७९-८० मा प्रहरीले ५ हजार ८ सय १५ किलो ४९३ ग्राम गाँजा बरामद गरेको थियो भने ओसारपसार र कारोबारमा संलग्न १३२ पुरुष र १२ महिला पक्राउ परेका थिए। यस्तै, आर्थिक वर्ष २०८०-८१ मा १० हजार ४ सय २० किलो ४९ ग्राम गाँजा बरामद गरेको प्रहरीले १९६ पुरुष र १३ महिलालाई पक्राउ गरेको थियो।

तीन वर्षको तथ्यांक हेर्दा चालु आर्थिक वर्षमा बरामद भएको गाँजाको परिणाम पाँच गुणाले बढेको छ। कोशी प्रदेशका धनकुटा, भोजपुर र उदयपुरलगायतका जिल्लाको ग्रामिण क्षेत्रमा गाँजाको खेती हुने गरेको छ। खेती नै लगाएर गाँजा उत्पादन र कारोबार भइरहेको छ।

पहाडी जिल्लामा उत्पादन हुने गाँजा भारत लैजाने क्रममा तराईका जिल्लामा बरामद हुने गरेको छ। कारोबारीले एम्बुलेन्स, ट्यांकर, ट्रक, यात्रुवाहक बस, मोटरसाइकललगायतका विभिन्न सवारीसाधनको प्रयोग गरेर गाँजा ओसारपसार गर्ने गर्दछन्। नेपालमा प्रतिकिलो १० हजार रूपैयाँसम्ममा किनबेच हुने गाँजा भारत तेब्बर बढि मूल्यमा बिक्री हुने बताइन्छ।

## पहिलो पृष्ठबाट बाँकी

### कोशी प्रदेशमा ...

पसल व्यवसाय, डिपार्टमेन्टल स्टोर, होटल तथा रेस्टुरेन्ट, ठेकेदारहरूले परिचालन गर्ने श्रमिकहरूलगायत कैयौं सेवा क्षेत्रका ९५ प्रतिशत कामदारहरूलाई कोषमा आवद्ध गराइएको छैन। जसले गर्दा त्यहाँ कार्यरत कामदार कर्मचारीहरू भविष्यको सुरक्षा र सेवा सुविधाबाट वञ्चित भइरहेका छन्। उनीहरूलाई बलपूर्वक सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने तर्फ सम्बन्धित निकाय र सरकारी नियकाहरूको भूमिका कमजोर देखिएको उनी बताउँछन्।

सामाजिक सुरक्षा कोषमा अनौपचारिक क्षेत्रका कामदारहरूलाई अनिवार्य सहभागी गराउने तर्फ ध्यान दिनुपर्ने भन्दै सुराना भन्छन्, 'उनीहरू पनि नेपाली नागरिक हुन्, उनीहरूको भविष्यको सुरक्षा गरिदिने दायित्व र जिम्मेवारी सरकारको नै हुनुपर्छ, उद्योगीहरूले मात्र कोषमा आवद्ध गराउने भन्ने कुरा होइन यो सबै पेशा व्यवसाय सञ्चालन गर्नेहरूको जिम्मेवारी बन्नुपर्छ। उनीहरूलाई सामाजिक सुरक्षाबाट वञ्चित गरिनुहुँदैन।'

'एकातिर अनौपचारिक क्षेत्र काम गर्ने कामदारहरूले न्यूनतम पारिश्रमिक पनि पाएका छैनन्, श्रम ऐनका कुनै पनि दफाहरू उनीहरूमा लागू भएको छैन। के उनीहरूप्रति राज्य जिम्मेवार बन्न पर्दैन ? अहिले पनि पसलहरूमा ८ हजारमा मानिसलाई काममा लगाउने गरिएको छ, उनीहरूको सामाजिक सुरक्षा पनि छैन, यस्तो विभेद गर्न हुँदैन भन्ने तर्फ राज्यले ध्यान दिएको देखिदैन,' उद्योगी सुरानाले भने।

विराटनगरका ९० प्रतिशत पसलहरूमा काम गर्ने मजदुरहरूले अधिकतम १२ हजार रुपैयाँ भन्दा बढी पारिश्रमिक नपाउने गरेको एक अध्ययनले देखाएको छ। त्यस्ता मजदुरहरूको सामाजिक सुरक्षाको विषय कल्पना बाहिर रहेको छ।

गैरऔद्योगिक अर्थात् अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूलाई सामाजिक सुरक्षा र न्यूनतम पारिश्रमिक दिलाउन राज्य अहिलेसम्म असफल देखिएको छ। कुनै नागरिकले सामाजिक सुरक्षा पाउने कुनैले नपाउने अवस्था रहनु दुःखद् भएको अखिल नेपाल ट्रेड युनियन महासंघका नेता उपेन्द्र राय बताउँछन्।

सामाजिक सुरक्षा कोषमा आवद्ध हुँदा कामदारहरूले स्वास्थ्य उपचार बीमा, सहज कर्जा सुविधा, पेन्सन सुविधा तथा लाभांशसहित बचत फिर्ताजस्ता सुविधा रहेकोले यो धेरै राम्रो कार्यक्रम भएको उद्योग संगठन मोरङका निवर्तमान अध्यक्ष सुरानाले बताए। उनले भने, 'यो कार्यक्रम धेरै राम्रो छ, कामदार कर्मचारीहरूको सुरक्षाका लागि ल्याइएको यति राम्रो कार्यक्रम छिमेकी मुलुक भारत र बंगलादेशमा पनि छैन, तर यसको कार्यान्वय गर्नमा भने सरकार खरो उत्रिन सकेको छैन।' यो कार्यक्रममा एक जना मात्र कामदार नियुक्त गर्ने फर्म तथा संस्थाले पनि सहभागिता जनाउन सक्ने सहज प्रक्रिया रहेको उनले बताए।

स्वास्थ्य क्षेत्रमा पनि सहभागिताको अवस्था निराशाजनक छ। कोशी प्रदेशका २७ वटा अस्पतालहरू मात्र सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन् भने मोरङका ७ वटा अस्पताल मात्र कोषमा सहभागी छन्। विशेषगरी विराटनगरमा मात्र करिब ५० अस्पतालहरू सञ्चालनमा रहेका भए पनि धेरैजसो अस्पतालहरू अझै पनि कोषबाहिर छन्।

श्रमिकहरू आफूले जम्मा गरेको पैसा भविष्यमा फिर्ता आउँछ भन्नेमा विश्वस्त नहुँदा उनीहरु कोषमा आवद्ध हुन अनिच्छुक देखिने गरेको उद्योगीहरुको अनुभव छ। उनीहरुलाई कार्यक्रमको बारेमा जानकारीको अभाव देखिन्छ भने सरकारले पनि उचित ढंगबाट त्यसको सकारात्मक पक्षको बारेमा जानकारी दिन नसकेको देखिन्छ।

यसैगरी केही उद्योगहरूमा अस्थायी श्रमिकहरूको संख्या बढी भएकाले दिगो रूपमा कामदारहरूलाई कोषमा आवद्ध गराउन कठिनाइ भएको पनि पाइएको छ।

विज्ञहरुले अनौपचारिक क्षेत्रका कामदार हरूलाई कोषमा आवद्ध गराउने विषयमा सरकारले कडाइ गर्नुपर्ने बताएका छन्। हाल पसल, होटल, रेस्टुरेन्ट र निर्माण क्षेत्रमा काम गर्ने हजारौं कामदारहरू सामाजिक सुरक्षाविहीन अवस्थामा काम गरिरहेका छन्। यी क्षेत्रका कामदारहरूलाई न्यूनतम पारिश्रमिक पनि उपलब्ध गराइएको छैन।

राज्यले सामाजिक सुरक्षा कोषको फाइदाबारे व्यापक प्रचारप्रसार गर्नुपर्ने र कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्ने उनीहरुको सुझाव छ।

### उद्योगमा ...

कार्यक्रममा निवर्तमान अध्यक्ष राकेश सुराना, उपाध्यक्ष विपिन कावरा, ऊर्जा समितिका संयोजक सन्तोष भगत लगायत उद्योग प्रतिनिधिहरुको सहभागिता थियो। सहभागीहरुले साना उद्योगको संरक्षणका लागि उर्जामा सहुलियत र दीर्घकालीन उर्जा नीति आवश्यक रहेको बताए।

सर्वेक्षणको प्रतिवेदनले उद्योग क्षेत्रका समस्या, सम्भावना र सुधारका उपायमा स्पष्ट मार्गनिर्देशन गरेको भन्दै सहभागिहरुले त्यसलाई व्यवहारमा उतार्न सरकार र सरोकारवालाको सक्रियता आवश्यक रहेको बताए।

### सिद्धबाबाको ...

सरकारी वकिल कार्यालयले उच्च अदालत विराटनगरको फैसला दोहोऱ्याउन पाउँ भन्ने प्रस्तावसहितको मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाएको थियो। परिवर्तित नाम (२६ परिसर २७) को जाहेरीले ६ वर्षअघि सुनसरी जिल्ला अदालतमा चतराधामका रामकृष्ण आचार्य श्री वैष्णवकृष्णदास भन्ने कृष्णबहादुर गिरी उर्फ सिद्धबाबाविरुद्ध जबर्जस्ती करणी मुद्दा परेको थियो। मुद्दामा सुनसरी जिल्ला अदालतले सिद्धबाबाद्वारा करणी भएको ठहरसहितको फैसला सुनाएको थियो।

बादी र प्रतिवादी दुबै पक्ष फैसलामा चित्त नबुझी उच्च अदालत विराटनगर गएका थिए। उच्चले मुद्दाको फैसला नमिलेको भन्दै सुनसरी जिल्ला अदालतमै फिर्ता पठाएको थियो। पछि जिल्लाबाट सिद्धबाबाले सफाइ पाएका थिए। सो मुद्दामा उच्च अदालत विराटनगरले पनि जिल्लामै फैसला सदर गरिदिएको थियो।

जबरर्जस्ती करणीको मुद्दा सरकारवादी हुन्छ। तर, उच्चको फैसलासँगै अब सरकारले यो मुद्दा सर्वोच्च अदालतमा नलैजाने निर्णय गरेको छ। सरकारको निर्णयले न्यायको ढोका बन्द भएको भन्दै पीडितका आफन्तले गुनासो गरेका छन्। उनीहरुले यसबारे न्याय माग्न सर्वोच्च जाने बताएका छन्।

सिद्धबाबाले उच्च शक्तिकेन्द्र प्रयोग गरेर आफूहरुमाथि दबाव दिँदै आएको पीडित पक्षले गुनासो गरिरहेका बेला महान्यायाधिवक्ता कार्यालयले सिद्धबाबाको मुद्दामा पुनरावेदन गर्न पाउने पीडितको हकलाई ढोका बन्द गरिदिएको हो।

### एक वर्षमा ...

कार्यालयले राहदानी सेवालाई पनि प्रभावकारी रूपमा सञ्चालन गरेको छ। एक वर्षको अवधिमा ३१ हजार १६१ वटा राहदानी वितरण गरिएको छ। प्रतिवेदनले नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी जस्ता प्रमुख सेवाहरूका अलावा कार्यालयले शान्ति सुरक्षा, अपराध नियन्त्रण, बजार अनुगमन, विपद् व्यवस्थापन, र अन्य प्रशासनिक कार्यहरू सफलतापूर्वक सम्पादन गरेको उल्लेख छ।

जिल्ला प्रशासन कार्यालयले विपद् पीडितलाई २४ लाख ३९ हजार रकम बराबरको सहायता वितरण गरेको छ। यस्तै कार्यालयमा दर्ता भएका ४७७ वटा मुद्दामध्ये ३६० वटा फछ्र्यौट भएको छ। गत वर्षकोबाट आएका ४३५ वटा निवेदनमध्ये ३२७ वटा निवेदन फछ्र्यौट भएको छ।

यस अवधिमा जिल्ला प्रशासन कार्यालयमा हातहतियारबाट ९ लाख ४३ हजार ७५०, राहदानी दस्तुरबाट ११ करोड १२ लाख ६३ हजार, अन्य प्रशासनिक सेवा शुल्कबाट १२ लाख ४९ हजार, प्रशासनिक दण्ड, जरिमाना र जफतबाट ११ लाख ७३ हजार आम्दानी गरेको छ।

## केराबारी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ, कोशी प्रदेश, नेपाल

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति २०८२।०४।०६)**

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयको लागि देहायका पदमा खुला प्रतिस्पर्धाद्धारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले सूचनाको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित केराबारी गाउँपालिकाको कार्यालयमा निवेदन दिनहुन अनुरोध छ।

**तपसिल**

| क्र.सं. | पद | तह | सेवा/समूह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मेडिकल ल्याब टेक्नोलोजिष्ट | अधिकृतस्तर सातौं | स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह | १ | १२००।- | |
| २. | पशु चिकित्सक | अधिकृतस्तर छैटौं | कृषि सेवा, भेटेरिनरी समूह | १ | १०००।- | |
| ३. | मनोसामाजिक परामर्शकर्ता | सहायकस्तर पाँचौं | स्वास्थ्य | १ | ८००।- | |
| ४. | उद्यम विकास सहजकर्ता | सहायकस्तर चौथो | विविध | १ | ८००।- | |

**"कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्ध केराबारी हाम्रो आधार"**

**विस्तृत सूचना र पाठ्यक्रमको लागि :**
केराबारी गाउँपालिकाको वेवसाईट www.kerabarimun.gov.np, सम्पर्क नं.०२१-४०३११०

**संयोजक**
**छनौट तथा सिफारिस समिति**
**केराबारी गाउँपालिका**

## ग्रामथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ
कोशी प्रदेश, नेपाल

### हाटबजार, विज्ञापन कर र सटर भाडा ठेक्का सम्बन्धि सूचना ।

**(दोस्रो पटक प्रकाशित मितिः २०८२।०४।०६)**

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिकाको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत तपशिल बमोजिम हाटकर, विज्ञापन कर र सटर भाडा लगाउने सम्बन्धि ठेक्का आह्वातन गर्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिक वा कम्पनी/फर्महरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | वडा नं. | न्यूनतम अंक मु. अ. कर बाहेक | दरभाउपत्रको मुल्य रु. (फिर्ता नहुने गरी) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८२।०८३ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | १ | ६६,०००/- | १,०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| २ | ०३/०८२।०८३ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | ३ | ४०,०००/- | १,०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ३ | ०८/०८२।०८३ | विज्ञापन कर (गाउँपालिका क्षेत्र भित्र) | | ७०,०००/- | १,०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ४ | ०९/०८२।०८३ | सटर भाडा (वडा नं. १ र ४ को मातहतमा रहेको सम्पूर्ण सटर।) | | प्रति सटर मासिक २००० को दरले वार्षिक २४ हजार | १,०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |

**प्रमुख प्रशासकीय अधिकृत**

## बर्जु गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
अमाहिवेल्हा, सुनसरी
कोशी प्रदेश, नेपाल

### हाटबजार ठेक्का सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/०४/०६**

यस बर्जु गाउँपालिकाको विभिन्न वडाहरुमा दैनिक तथा सप्ताहिक रुपमा लाग्ने तपसिल बमोजिमका हटियाहरुको हाट बजार पसल कर उठाउने प्रयोजनार्थ २ बर्षको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले उल्लेखित शर्तको अधिनमा रही तोकिएको समयसिमा भित्र न्यूनतम बार्षिक ठेक्का अंकमा नघटाई गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल**

**आ.ब. २०८२/८३ देखी २०८३/८४ सम्म ठेक्का लाग्ने हाटबजारहरु**

| ठेक्का नं. | हटीया लाग्ने बार र स्थान | न्यून्तम ठेक्का अंक भ्याट सहित (२ वर्षको) | फारम दस्तुर |
|---|---|---|---|
| BRM/SUNSARI/RV/ 1 /2082/83 | मंगलवार/शुक्रवार १ नं. वडा रा.वे. को हटिया | रु.२,५९,९००।०० | रु. १,०००।०० |
| BRM/SUNSARI/RV/ 2 /2082/83 | बुधवार/शनिवार २नं. वडाको वनरवा घाटमा लाग्ने हटिया | रु.१,१३,०००।०० | रु. १,०००।०० |
| BRM/SUNSARI/RV/ 3 /2082/83 | आईतवार/विहिवार ३ नं. वडाको टेङ्गा खोलाको किनारको हटिया | रु.१,१३,०००।०० | रु. १,०००।०० |
| BRM/SUNSARI/RV/ 4 /2082/83 | मंगलवार/शुक्रवार ४ नं. वडाको अमडुवा हटिया | रु.१,१५,२६०।०० | रु. १,०००।०० |
| BRM/SUNSARI/RV/ 5 /2082/83 | हप्ताभरी ५ नं. वडाको अमाहीवेल्हा(मिलन चौकको हटीया) | रु.२,०३,४००।०० | रु. १,०००।०० |
| BRM/SUNSARI/RV/ 6 /2082/83 | हप्ताभरी ६ नं. वडा अन्तर्गत चिमडीको रविहाट, चिमडीको राजाजी मन्दिर, जानकी चौक, दैता, चिमडी बजार | रु.११,३०,०००।०० | रु. १,०००।०० |

१. यो सुचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म उल्लेखित दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरि यस कार्यालयको राजस्व शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।
२. दरभाउपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा निजको नागरिक्ता फोटोकँपी र फर्म, संस्था वा कम्पनीको हकमा फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र,एब्ल्दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी, प्रोप्राईटरको नागरिक्ता फोटोकँपी, गाउँपालिकाको नगदी जिन्सी वा असुर उपर बेरुजु तिर्न बुझाउन बाँकी नरहेको स्व-घोषणा पत्र साथ निवेदन पेश गर्नु पर्नेछ।
३. खरिद गरिएको दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा आफै वा आधिकारिक प्रतिनिधि उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ। दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारमहरु दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा सोही दिनको २:०० बजे खोलिने छ।तोकिएको समयमा निज वा निजका प्रतिनिधिहरु उपस्थिति नभएमा दरभाउपत्र खोल्न वाधा पर्नेछैन।
४. दरभाउपत्र फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ।
५. सिलबन्दी दरभाउ फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरि उल्लेख भएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। कुने किसिमको केरमेट भएमा दुबै तिर हस्ताक्षर गर्नुपर्नेछ। टिपेक्स लगाउन पाईदैन्।
६. सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको नेपाली भए ५% र विदेशी भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको तल उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ४५ दिन म्याद भएको सक्कलै जमानी पत्र (विडवण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

| बैंकको नाम | कार्यालयको नाम | कार्यालयको कोड | कार्यालय खाता नम्बर | खाताको नाम |
|---|---|---|---|---|
| एन आईसी एशिया बैंक लिमिटेड, बर्जु शाखा | बर्जु गाउँपालिका | ८०१०११४१० | २४३CA५००१७६२८००५ | धरौटी खाता-बर्जु गाउँपालिका |

७. आफुले कबोल गरेको सम्पुर्ण रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दाकै बखत एकमुष्ट बुझाएमा १०% छुट दिईनेछ। किस्ताबन्दी गरेमा छुट हुनेछैन् पहिलो किस्ता कबोल अंकको ६०% ले हुने रकम अग्रिम रुपमा बुझाउनु पर्नेछ भने बाँकी ४०% रकम अर्को किस्ता अर्थात सम्झौताको १२ औ महिना मसान्त भित्र बुझाउनु पर्नेछ।
८. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।सबैभन्दा बढी रकम साकार गर्ने प्रस्तादाताको दरभाउपत्र रित पुर्याई आएमा स्वीकृत गरिनेछ। रित नपुगेका,माग बमोजिमका कागजातहरु संलग्न नभएका, म्याद नाघी आएका, कुनै शर्त राखेका, दस्खत तथा छाप नभएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन।
९. गाउँपालिकाको नगदी जिन्सी वा असुर उपर बेरुजु तिर्न बुझाउन बाँकी रहेको व्यक्ति, संस्था, फर्म वा कम्पनीले फारम खरिद गर्न पाउने छैन् र खरिद गरी ठेक्का स्वीकृत भएपनि पछि रद्द गरिनेछ।
१०. प्रत्येक हाटबजारको सिलबन्दी खाम छुट्टाछुट्टै दिनुपर्नेछ र खामको बाहिरपट्टी कुन हाटबजारको हो खुलाउनु पर्नेछ।
११. यस सुचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून अनुसार हुनेछ।
१२. दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। (सुरेन्द्र यादव ९८१६३००३०८)

**प्रमुख प्रशासकीय अधिकृत**